**मिति २०८२/०९/३० गतेको गाउँ कार्यपालिकाको छैटौं बैठकमा पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | चालु आ.व. २०८२/०८३ को अर्धवार्षिक समिक्षा सम्बन्धमा। | |
| २. | यस अघिका बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा। | |
| ३. | सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा सञ्चालन सम्बन्धमा । | |
| ४. | आगामी आ.व. २०८३/०८४ को लागि नेपाल सरकारबाट प्राप्त हुने समपुरक र विशेष अनुदानको लागि आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा। | |
| ५. | आगामी आ.व. २०८३/०८४ को लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने समपुरक र विशेष अनुदानको लागि आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा। | |
| ६. | OSSD स्थापना र सञ्चालन सम्बन्धमा। | |
| ७. | विद्यालय अनुदान हेरफेर सम्बन्धमा । | |
| ८. | भगवतीमाई गाउँपालिका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सम्बन्धमा । | |
| ९. | करार कर्मचारीको म्याद थप सम्बन्धमा । | |
| १०. | भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुबाट निवेदन दर्ता सम्बन्धमा । | |
| ११. | दायित्व भुक्तानी सम्बन्धमा । | |
| १२. | प्रदेश आयोजना संशोधन सम्बन्धमा । | |
| १३. | आयोजनाको स्थान संशोधनमा सम्बन्धमा । | |
| १४. | आयोजनाको ठेक्का व्यवस्थापन सम्बन्धमा । | |

**मिति २०८२/०९/३० गतेको गाउँ कार्यपालिकाको छैटौं बैठकबाट भएका निर्णयहरुः**

१. चालु आ.व. २०८२/०८३ को श्रावण महिना देखि पौष महिनासम्म यस गाउँपालिका अन्तर्गतका कार्यालयहरुबाट सम्पादन भएका सेवा प्रवाह र विकास निर्माण लगायत विभिन्न क्रियाकलापहरुको प्रगति समिक्षा गरियो ।

२. यस गाउँ कार्यपालिकाबाट यस अघि भएका निर्णयहरुको कार्यान्वयन अवस्था र प्रगति समिक्षा गरियो ।

३. यस भगवतीमाई गाउँपालिका वडा नं. ६ का साविकका २,३ र ७ का नागरिकहरुलाई स्वास्थ्य सेवाको सहज पहुँचको लागि सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी सञ्चालन गर्ने ।

४. नेपाल सरकारबाट आगामी आ.व. २०८३/०८४ मा प्राप्त हुने समपुरक अनुदान र विशेष अनुदानतर्फ देहायका आयोजना वा कार्यक्रम पेश गर्ने ।

**समपुरक अनुदान**

| क्र.सं. | आयोजनाको नाम | स्थान | वर्ष | कैफियत |
|---|---|---|---|---|

| क्र.सं. | आयोजनाको नाम | स्थान | वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | चक्रपथ सडक आयोजना | पालिका | २ | क्रमागत |
| २. | बावियातडा-हे.पो.-वडा कार्यालय | वडा नं. १ | २ | |
| ३. | जगनाथ प्रा.वि. भवन निर्माण | वडा नं. २ | २ | |

**विशेष अनुदान**

| क्र.सं. | आयोजनाको नाम | स्थान | वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | मेहेलतोली स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. २ | २ | |
| २. | भुवाल्नखोला खानेपानी तथा सरसफाई आयोजना | वडा नं. ५ | २ | |
| ३. | लक्ष्मी प्रा.वि. भवन निर्माण | वडा नं. ६ | २ | |

५. कर्णाली प्रदेश सरकारबाट आगामी आ.व. २०८३/०८४ मा प्राप्त हुने समपुरक अनुदान र विशेष अनुदानतर्फ देहायका आयोजना वा कार्यक्रम पेश गर्ने ।

**समपुरक अनुदान**

| क्र.सं. | आयोजनाको नाम | स्थान | वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | घुम्ने-तुर्सु-पातिहाल्न-जाजरकोट | वडा नं. ४ | २ | |
| २. | लामतडा-तप्लुम-वडा कार्यालय सडक | वडा नं. ७ | २ | |
| ३. | वडा कार्यालय-वडालेक-कचाली सडक | वडा नं. ५ | २ | |

**विशेष अनुदान**

| क्र.सं. | आयोजनाको नाम | स्थान | वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | सरस्वती प्रा.वि. बागडाँडा भवन निर्माण | वडा नं. १ | २ | |
| २. | सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | वडा नं. ६ | २ | |
| ३. | पगनाथ स्वास्थ्य चौकी घेरवार निर्माण | वडा नं. १ | २ | |

६. कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान वीरेन्द्रनगर, सुर्खेतको मिति २०८२/०९/१७ गते प्रकाशित कर्णाली प्रदेशका स्थानीय स्तरमा एकीकृत सेवा प्रवाह स्थापना तथा सञ्चालन अफिस अटोमेशन सहित गर्ने कार्यक्रममा समावेश हुने सम्बन्धी सूचना बमोजिम देहायका प्रतिवद्धता सहित कार्यक्रम प्रस्ताव पेश गर्ने ।

क. OSSD स्थापना तथा सञ्चालनको लागि यस कार्यालयका शाखा अधिकृत श्री टोपबहादुर बुढालाई फोकल पर्सन तोक्ने ।

ख. यस गाउँपालिकाको प्रशासकीय भवनमा OSSD स्थापनाका लागि आवश्यक IT पूर्वाधार सहितको आफ्नै भवन भएको ।

ग. पालिका र सबै वडामा विद्युत सेवा ब्याकअप सहितको उपलब्ध रहेको ।

घ. पालिका र सबै वडामा स्थिर र निरन्तर इन्टरनेट सेवा उपलब्ध रहेको ।

ङ. सूचना प्रविधि अधिकृत सहित सक्षम सूचना प्रविधि शाखा रहेको ।

च. गाउँपालिकाले आवश्यक लागत सहभागिता गर्ने ।

छ. OSSD स्थापना तथा कार्यान्वयनका लागि आवश्यक नीति तथा कार्यविधि निर्धारित समयमै निर्माण गर्ने ।

ज. दिगो सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने ।

७. यस भगवतीमाई गाउँपालिका वडा नं. २ मा रहेको श्री सरस्वती आधारभूत विद्यालयमा रहेको आधारभूत तह ६-८ को सामाजिक विषयको दरबन्दी कटौती गरी एकमुष्ट अनुदान वार्षिक रु. १,५६,०००। उपलब्ध गराउने ।

८. भगवतीमाई गाउँपालिका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

९. यस भगवतीमाई गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत सम्पुर्ण कर्मचारीको करार अवधि २०८३ असाढ मसान्तसम्म थप गर्ने ।

१०. यस भगवतीमाई गाउँपालिका अन्तर्गत भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुबाट दर्ता हुन आएका फाराम र अन्य विवरणहरुलाई NALCIS System मा प्रविष्ट गर्ने र सो कार्यमा खटिने कर्मचारी वा व्यक्तिलाई प्रति फाराम रु. १००। भुक्तानी दिने ।

११. यस भगवतीमाई गाउँपालिका अन्तर्गत गत आ.व. २०८१/०८२ मा ईन्धन वापत भुक्तानी दिन बाँकी दायित्व रु. १,३०,०००। भुक्तानी गर्ने ।

१२. चालु आ.व. २०८२/०८३ को लागि प्रदेश सरकार, सामाजिक विकास कार्यालय दैलेखबाट कार्यान्वयन हुने देहायका आयोजना संशोधनको सिफारिस गर्ने ।

तपशिलः

| क्र.सं. | स्वीकृत आयोजनाको | | | संशोधन गर्नुपर्ने | | |
|---|---|---|---|---|---|---|
| | नाम | स्थान | रकम | नाम | स्थान | रकम |
| १. | सरस्वती मा.वि. गन्म घेरवार | भगवतीमाई-१, दैलेख | १५ लाख | सरस्वती मा.वि. फिल्ड निर्माण | भगवतीमाई-१, दैलेख | १५ लाख |
| २. | सरस्वती माध्यामिक विद्यालय ३ कोठे भवन निर्माण | भगवतीमाई-५, दैलेख | ३० लाख | सरस्वती आधारभूत विद्यालय ३ कोठे भवन निर्माण | भगवतीमाई-५, दैलेख | ३० लाख |

१३. यस भगवतीमाई गाउँपालिकाको लागि चालु आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत व.उ.शी.नं. ८०६६७५०५३०३ को लामतडा  रताली सिंचाई कुलो, वडा नं. ४ लाई संशोधन गरी लामतडा रताली सिंचाई कुलो, वडा नं. ३ कायम गर्ने ।

१४. नेपाल सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि स्वीकृत जोगिमारे सोतीखोला सडक निर्माण आयोजना संशोधन गरि जोगिमारे सोतीखोला गोरेटो बाटो निर्माण कायम गर्ने ।

१५. यस भगवतीमाई गाउँपालिका अन्तर्गत चालु आ.व. २०८२/०८३ मा सञ्चालित भगवतीमाई चक्रपथ आयोजना (BRM/RCW/NCB/05/2082-083) को शिलबन्दी बोलपत्र मिति २०८२/०६/०७ गते प्रकाशित भई रेसुङ्गा-दर्शन-रेगन जे.भी., पाल्पा र पन्त निर्माण सेवा गुल्मीले बोलपत्र प्रस्ताव पेश गरि प्राविधिक मूल्याङ्कनमा सफल भएका र आर्थिक मूल्याङ्कनमा रेसुङ्गा-दर्शन-रेगन जे.भी., पाल्पामा सफल भएकोमा उक्त फर्मले आफ्ना पाँच वटा ठेक्का पुरा भएको भनि निवेदन पेश गरेकोमा उक्त फर्मले निवेदन साथ पेश गरेका ठेक्काहरुको सम्बन्धमा सम्बन्धित कार्यालय वा निकाय बुझ्न समय लागेको र सोही क्रममा यस कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतको सरुवा भएको हुदा मूल्याङ्कन समितिबाट निर्णय हुन नसकेको हुँदा यस भगवतीमाई चक्रपथ सडक आयोजनाको बिड भ्यालिडिटी पिरियड मिति २०८२/१०/०६ गते सकिने भएको हुँदा उक्त आयोजनाको विड भ्यालिडिटी पिरियड २०८२/११/१५ सम्म थप गर्ने ।

**भिन्न मत**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |